प्रदेश सरकार

भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

# पशुपन्छी विकास निर्देशनालय सुर्खेत

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।०६।२८

यस निर्देशनालयको आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वेरोजगार वेरोजगार पशु सेवा प्राविधिकहरुको रोजगारीका लागि व्यवसाय संचालन गर्न ५० प्रतिशत अनुदान सहयोग कार्यक्रम सञ्चालनका लागि , भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले तयार पारेको एकिकृत कार्यविधि २०७९ मा कायम भए बमोजिम हुने गरी वेरोजगार पशु सेवा प्राविधिकहरुको रोजगारीका लागि व्यवसाय संचालन गर्न ५० प्रतिशत अनुदान सहयोग कार्यक्रम सञ्चालन गर्ने इच्छुक सुर्खेत जिल्लांका वेरोजगार पशु सेवा प्राविधिकहरुले यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन भित्र तपसिलमा उल्लेखित विवरण सहितको आवेदन फाराम यस निर्देशनालयमा कार्यालय समय भित्र सिलवन्दी प्रस्ताव दर्ता गर्नु हुन प्रस्ताव आह्वान गरिन्छ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.सं. | कार्यक्रमहरु | संख्या | कुल अनुदान रकम रु. | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | वेरोजगार पशु सेवा प्राविधिकहरुको रोजगारीका लागि व्यवसाय संचालन गर्न ५० प्रतिशत अनुदान सहयोग | ५ | १५ लाख | सुर्खेत जिल्ला भरी |

प्रस्तावका साथ सम्मिलित हुनुपर्ने कागजातहरु:

१. रु.१० को टिकट सहितको आवेदन् ।

२. *सूचना प्रकाशित हुनु अगावै मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्यूनतम पशु विज्ञान तर्फ जे.टि.ए. उत्तिर्ण गरेको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।*

३. *यदि फर्म संचालन गरेको भए विगत आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपी प्रतिलिपी समेत पेस गर्नु पर्नेछ ।*

४. *आफुले संचालन गर्ने कार्यक्रमको वृस्तित कार्य योजना तयार गरी स्व-लगानिको प्रतिवद्धता पत्र समेत पेश गर्नु पर्ने छ ।*

५. सरकारी तथा गैर सरकारी संघ संस्थामा रोजगारी छैन भनि सम्वन्धित स्थानियतहको सिफारीस ।

६. विगत ३ आर्थिक वर्षमा कुनै पनि सरकारी निकायबाट सोहि प्रकृतिको कार्यक्रममा रु.१(एक लाख ) भन्दा बढि नगद तथा वस्तुगत अनुदान लिएको व्यक्तिलाई छनौट प्रकृयामा समावेस गरिने छैन

७. अन्य छुट भएका विषयहरु भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन एकीकृत कार्यविधि,२०७९ स्वीकृत भए बमोजिमको हुनेछ ।

थप जानकारीको लागि यस निर्देशनालयको वयभ साइड **dold.karnali.gov.np** मा हेर्नका साथै फोन नं.०८३-५२०२८८ ,०८३ ५२३५५६ र ०८३५२०९३७ मा सम्पर्क गर्न सकिनेछ ।

कृष्णप्रसाद पंगेनी

नि. निर्देशक

कर्णाली प्रदेश सरकार
भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

# पशुपन्छी विकास निर्देशनालय सुर्खेत

## प्रस्ताव आह्वानको सुचना

सूचना मिति :- २०७९।०६।२८

यस निर्देशनालयको चालु आ.व. २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशु आहारा व्यवस्थापनका लागी साईलेज बनाउने मेसीन / Cow lifter खरिद तथा वितरण जडान कार्यक्रम संचालनका लागि भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले तयार पारेको भूमि, कृषि तथा सहकारी सम्वन्धि कार्यक्रम ( संचालन तथा व्यवस्थापन ) कार्यविधि २०७९ मा कायम भए बमोजिम हुने गरी पशु आहारा व्यवस्थापनका लागी साईलेज बनाउने मेसीन / Cow lifter खरिद तथा वितरण जडान सहकार्यमा कार्यक्रम सञ्चालन गर्न इच्छुक सहकारी / समुह / समिती / उद्यमी / कम्पनी / निजि व्यवसायी / फर्मले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र तपसिलमा उल्लेखित विवरण सहितको आवेदन फाराम यस निर्देशनालयमा कार्यालय समय भित्र सिलबन्दी प्रस्ताव दर्ता गर्नु हुन प्रस्ताव आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.सं. | कार्यक्रमहरु | पटक | रकम | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | पशु आहारा व्यवस्थापनका लागी साईलेज बनाउने मेसीन / Cow lifter खरिद तथा वितरण जडान | १ | १५ लाख | कर्णाली प्रदेशका सवै जिल्ला भरी |

प्रस्तावका साथ सम्मिलित हुनुपर्ने कागजातहरु:

१. रु. १० को टिकट सहितको आवेदन ।
२. सूचना प्रकाशित हुनु अगावै साविकको जिल्ला पशुसेवा कार्यालय, साविकको जिल्ला कृषि विकास कार्यालय स्थानियतहका पशु सेवा शाखा वा सम्वन्धित निकायमा दर्ता भएको कृषि तथा पशुपन्छी सहकारी / समुह / समिती / उधमी / कम्पनी / निजि व्यवसायी / फर्मको प्रमाण पत्रको प्रतिलिपि ।
३. विगत आर्थिक वर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपी र सहकारीको हकमा लेखा परिक्षणको प्रतिलिपी समेत पेस गर्नु पर्नेछ ।
४. आफुले संचालन गर्ने कार्यक्रमको कार्य योजना तयार गरी साझेदारी हुने ५०% रकम कर्णाली प्रदेश सरकारको धरौटि खातामा जम्मा गर्ने र १० वर्ष कार्यक्रमको निरन्तरता गर्ने प्रतिवद्धता पत्र पेश गर्नु पर्ने छ ।
५. समुह/ समिति र सहकारीको संचालक समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी ।
६. यदि जग्गा भाडामा लिएको भए फार्म संचालकको नाममा १० वर्षको करार सम्झौता भएको हुनुपर्नेछ ।
७. सहकारी/ समुह / समितीको हकमा निर्णयको प्रतिलिपी ।
८. सम्वन्धित स्थानीय तह वा स्थानीय तहका पशुसेवा शाखाको सिफारीस ।
९. विगत ३ आर्थिक वर्षमा कुनै पनि सरकारी निकायबाट सोहि प्रकृतिको कार्यक्रममा रु.१०००००।(एक लाख) भन्दा बढि नगद तथा वस्तुगत अनुदान लिएको सहकारी/ समुह / समिती / उद्यमी / कम्पनी / निजि व्यवसायी/ फर्महरुलाई छनौट प्रकृयामा समावेस गरिने छैन ।
१०. अन्य छुट भएका विषयहरु भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले तयार पारेको भूमि, कृषि तथा सहकारी सम्वन्धि कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७९ स्विकृत भए बमोजिम हुनेछ ।

कृष्णप्रसाद पंगेनी
नि. निर्देशक

CamScanner